हामीकहाँ आर्थिक भिजन भएका नेता भएनन्

नेपालको अर्थतन्त्र राजनीतिको नाममा अलमलिएको छ। देशको कुनै राष्ट्रिय लक्ष्य निर्धारण नभइसकेको अहिलेको अवस्थामा अर्थतन्त्रको वृद्धि र विकासका लागि आफ्नै आधार तयार भएको छैन। अर्थशास्त्रीहरू नेपाली अर्थतन्त्रको विचलनलाई भन्दा यसका तात्कालिक उपलब्धिमा रमाउने गर्छन्। तर नयाँ पुस्ता अर्थशास्त्री पोषराज पाण्डे अर्थतन्त्रबारे नयाँ ढंगले यथार्थवादी धरातलमा उभिएर चिन्तन गर्छन्। ***किशोर नेपाल****सँगको यो अन्तर्वार्तामा उनले अर्थतन्त्रका केही महत्त्वपूर्ण पक्ष चिर्न खोजेका छन्। विवरण :*

तस्बिर : विजय गजमेर

घुम्ने मेचमाथि डा. पोषराज पाण्डे

राजनीति नसप्रिएसम्म देशको कुनै पनि नीति सप्रँदैन भन्ने एउटा मान्यता छ। अर्को मान्यता राजनीति बिग्रे पनि अर्थतन्त्रको धार अवरुद्ध हुनुहुँदैन भन्ने छ। कुनचाहिँ मान्यता सत्यको नजिक छ हाम्रो सन्दर्भमा ?

हाम्रो सन्दर्भमा भन्ने हो भने राजनीतिको गति ठीक नभएसम्म अर्थतन्त्र अगाडि बढ्न सक्दैन। मैले यो किन भनेको भने हाम्रो अर्थतन्त्र अहिलेसम्म पनि 'टेकअफ स्टेज' मा पुग्न सकेको छैन। यदि टेकअफ भए क्रुज पाथमा भएको भए राजनीतिले खासै फरक पार्न सक्दैन थियो। हाम्रो अर्थतन्त्र प्रि-टेकअफ स्टेजमै छ। अर्थतन्त्रलाई अगाडि बढ्न वा बढाउन धेरै तत्त्वको योगदान रहन्छ। पहिलो कुरा त सुरक्षा नै हो। त्यो नभइकन लगानी गर्न सकिँदैन। दोस्रो 'गुड गभर्नेन्स' हो। त्यो भएन भने पनि हामी अगाडि बढ्न सक्दैनौं। हुन त यो संक्रमणकालीन अवस्थाका कारण पनि अगाडि नबढेको हुन सक्छ।

संक्रमणकालको मात्र कुरा होइन। हामीले जति नै खुल्ला अर्थतन्त्र, निजीकरणको कुरा गरे पनि त्यसमा राजनीति हावी भएको देखिन्छ। चाहे पञ्चायतकालमा होस् वा प्रजातन्त्र आइसकेपछि होस्। सुरक्षाको कुरा त जहिले पनि उद्यमी/व्यापारीले उठाइरहेकै कुरा हो। राजनीति जतिसुकै धुमिल भए पनि अर्थतन्त्रले आफ्नो गति लिन सक्नुपर्छ भन्ने मान्यता हो। तपाईं के भन्नुहुन्छ ?

अर्थतन्त्र कुन दिशातर्फ जाने भन्ने कुराको निर्धारण त राजनीतिले नै गर्ने हो। यो हदसम्म अर्थतन्त्रमाथि राजनीति हावी भइसकेको अवस्थामा कुन अर्थनीति लागु गर्ने भन्ने निर्धारण राजनीतिले नै गर्ने हो। त्यसपछि विकास र वृद्धिको कुरा आउँछ। अहिलेकै अवस्थाको कुरा गर्ने हो भने राजनीति र अर्थतन्त्रलाई छुट्याएर लानुपर्छ भन्ने राजनीतिक निर्णय गर्न सकिन्छ। तर के अर्थतन्त्र अब उनीहरूले भनेको बाटोमा जान्छ त ? जाँदैन। किनभने सुरक्षा, नीति, व्यावस्थापनजस्ता कामको जिम्मा त सरकारकै हो। त्यही भएर यो राजनीतिक भद्रगोललाई सफा नगरिकन अर्थतन्त्रले वृद्धिदरको बाटो समात्न सक्दैन। त्यसैले राजनीति र अर्थतन्त्रलाई छुट्याएर लान सकिन्छ भन्ने कुरा तथ्यसंगत छैन। त्यसो हुनसक्छ भन्नु त तानाशाही प्रवृत्ति हो।

चीन र भियतनाममा जे भइरहेको छ त्यसलाई कसरी लिने त ?

त्यहाँ त राजनीतिक स्थायित्व छ नि त।

त्यहाँ राजनीतिक स्थायित्व त छ। एकतन्त्रात्मक राजनीतिक व्यवस्था छ र उदार अर्थतन्त्रको अभ्यास भइरहेको छ। हामी पनि त्यही गर्न खोजिरहेका छौं। के त्यो सम्भव होला ?

त्यसको अभ्यास वा सिको हामीले पनि गर्ने हो भने कुरा अलि मिल्दैन। त्यहाँ राजनीति र राज्य संयन्त्र उनीहरूको पुरै पकडमा छ। उनीहरू 'मार्केट सोसलिज्म' को कुरा गर्छन्। मार्केटमा कसले लाने त भन्दा सरकारले लाने। त्यो सम्भव कसरी भयो भन्दा उनीहरूको सरकारको राज्य संयन्त्रभित्र पुरै पकड छ। तर हाम्रोमा त त्यो छैन। त्यसैले त्यो पनि हामीकहाँ सम्भव छैन। किनभने राज्य संयन्त्रभित्र कुनै एउटा समूह वा राजनीतिक पार्टीले पकड कायम गर्न सक्ने अवस्था नै छैन।

तीस वर्ष शासन गर्‍यो पञ्चायतले। राज्य संयन्त्रमाथि राजाको पुरै पकड थियो। त्यो बेला विभिन्न नारा दिइएको थियो- 'विकासको मूल फुटाउने', 'एसियाली मापदण्डमा पुर्‍याउने' जस्ता अनेकौं। तर ती कुनै नारा वास्तविकतामा परिणत भएनन्। किन त्यस्तो भयो होला ? तपाईंले अघि भन्नुभए जस्तो राज्य संयन्त्रमाथि पकड हुँदा पनि त्यो सम्भव किन भएन ?

राज्य संयन्त्र सरकारको पकडमा थियो। त्यसमा कुनै दुईमत छैन। तर त्यो संयन्त्र कत्तिको प्रभावकारी छ भन्ने कुरा पनि त हुन्छ नि ? जति पनि उपलब्ध राज्य संयन्त्र थिए, ती प्रभावकारी थिएनन्। उदाहरणकै लागि चीनको कुरा गरौं। चीनमा सरकारले अब हामी स्टिलका सामान बनाउन क्रान्ति नै गर्ने हो भन्यो भने उनीहरूको सबै संयन्त्र त्यसमा प्रभावकारीरूपले लाग्छन्। त्यसका लागि चाहिने आर्थिक स्रोत राज्यले नै पनि दिन सक्छ वा बैंकद्वारा पनि हुन सक्छ। त्यहाँ चाहिने जति मानव स्रोत विश्वविद्यालयबाट उपलब्ध हुन थाल्छ। हामीकहाँ स्रोत व्यवस्थापन बजारले निर्धारण गर्छ। जहाँ जति मुनाफा हुन्छ, त्यसमै लगानी गर्छ। तर त्यहाँ सबै किसिमका स्रोतमाथि राज्यको पकड छ। स्रोत व्यवस्थापन भनेको सबैभन्दा गाह्रो काम हो। त्यसको व्यवस्थापन राज्यले गरिदिएपछि त समस्या रहेन नि। त्यो व्यवस्था हाम्रो पञ्चायतले गर्न सकेन।

लगभग त्यही स्थितिमा नेपाली कांग्रेसका गिरिजाप्रसादले पनि शासन गर्नुभयो। उहाँका विपक्षीहरू पनि शिथिल नै थिए। उहाँका अर्थमन्त्री पनि उदार अर्थतन्त्रको समर्थक हुनुहुन्थ्यो। पुरै टिम त्यसैमा लागेको थियो। त्यतिबेला नेपाली कांग्रेसले समाजवादको नारा नै छोडिदिएको थियो। तैपनि केही हुन सकेन ?

त्यो बेलाको कुरा गर्ने हो भने वास्तवमै समाजवादलाई पुनः व्याख्या गर्नुपर्ने अवस्था थियो। समाजवादको पुनः व्याख्या किन भनेको भने पश्चिमा समाजमा समाजवाद भनेको मजदुरको अधिकारलाई कसरी सुनिश्चित गर्ने भन्ने कुरामा मात्र सीमित थियो। तर हाम्रो समाजमा समाजवादको कुरा गर्दा, दश प्रतिशत मजदुर वर्गमात्र फर्मल सेक्टरमा काम गर्थे। अरू जति पनि थिए, सबै इनफर्मल सेक्टरमा थिए। अनि त्यो सँगै विभेद थियो। क्षेत्रका आधारमा, धर्मका आधारमा, जातका आधारमा। त्यसैले समाजवादलाई अर्थतन्त्रका रूपमा मात्र नहेरेर सामाजिक न्यायकै पुनः व्याख्या गर्न आवश्यक थियो। त्यो गरेर गइदिएको भए अहिले यो अवस्था सिर्जना नै हुने थिएन। तर कांग्रेसलाई मात्र सबै दोष पनि म दिन्न। किनभने त्यतिखेरको अवस्थालाई पनि हामीले हेर्नुपर्छ। भारतसँगको आर्थिक निर्भरताले गर्दा उनीहरूले अवलम्बन गरेकै बाटाहरू पहिल्याउनुपर्ने बाध्यता पनि रह्यो। र, अरू डोनर एजेन्सीलगायत्का कुरा पनि सुन्नुपर्ने बाध्यता थियो। उनीहरू राज्यले भन्दा बढी बजारलाई महत्त्व दिइरहेका थिए। उदार अर्थतन्त्रले पनि नराम्रो गरेजस्तो मलाई लाग्दैन। तथ्यांकहरूले पनि त्यही बताउँछन्।

त्यो तथ्यांकमा मात्रै हो कि ?

त्यसमा पनि म आउँछु। त्यसबेलाको जुन मार्केट सप्रेस राज्यले गरिरहेको थियो, त्यसबाट मुक्ति भयो। हामी सबैलाई थाहा छ, जे कुरा आयात गर्नुपर्‍यो भने पनि पहिला लाइसेन्स लिन जानुपर्थ्यो। त्यसले गर्दा थिचोमा वा चेपुवामा परेको निजी क्षेत्रको ऊर्जालाई उदार अर्थतन्त्रले मुक्ति दियो। यो पूर्ण रूप र गतिमा भने हुन सकेन। तर सँगसँगै यसले सामाजिकरूपमा मिडियादेखि नागरिक समाजसम्म सबैको ऊर्जालाई पनि निकास दियो। हामीले सबैतिर हात हाल्यौं। जस्तै स्थानीय निकायमा स्वायत्तताको कुरा, सामुदायिक विकासको कुरा। तर कसैप्रति पनि पूर्णरूपमा ध्यान भने दिएनौं। त्यसैले सन् १९९२ देखि १९९७ सम्म राम्रै आर्थिक विकास भएको पाउनुहुन्छ। यो माओवादी आउनुभन्दा अघिको कुरा हो।

सन् १९९० देखि २०१० सम्मको बीस वर्षको अवधिलाई मूल्यांकन गर्दा कसरी गर्नुहुन्छ ?

त्यो बेलामा आर्थिक वृद्धिदर भन्नुस्, विकास भन्नुस्, राम्रै थियो। संरचनागत हिसाबमा कुरा गर्दा पनि धेरै संरचना बनेका थिए। शिक्षा र स्वास्थ्यको क्षेत्रमा पनि राम्रै विकास भएको देखिन्छ। तर यो सन् १९९७ लाई कटअफ पोइन्ट राखेर कुरा गर्दा है। माओवादी आइसकेपछि ध्वंस सुरु भयो। त्यसपछि हेर्ने हो भने ज्ञानेन्द्रको शासनसम्म ठ्याक्कै घटेको देखिन्छ।

माओवादी द्वन्द्वका कारणले आर्थिक विकासमा बाधा भयो भनेर सबै अर्थशास्त्रीले भन्छन्। तपाईंले पनि भन्नुभयो। यो नयाँ कुरा होइन। तर त्यो कुन स्केलमा थियो ? कि हामीले माओवादी द्वन्द्वलाई मात्र दोष दिइरहेका हौं ?

उनीहरूलाई मात्र दोष दिएको होइन। उदार अर्थतन्त्र लागु भएपछि पनि असमानता ह्वात्तै बढ्यो। हामीले बजारलाई खुला त गर्‍यौं तर पहिलादेखि रहिआएको विभेद वा असमानतालाई भने सम्बोधन गर्न सकेनौं। जो अगाडि जान सक्थे, उनीहरू अगाडि बढे, पछाडि परेकालाई हामीले वास्तै गरेनौं। हामीले कृषि क्षेत्रलाई जुन तहमा ध्यान दिनुपर्थ्यो, त्यो दिन सकेनौं। किनभने ग्रामीण अर्थतन्त्रको मेरुदण्ड भनेको कृषि नै थियो। त्यसलाई हामीले उपेक्षा गर्‍यौं। कृषिलाई सुहाउँदो वा प्रोत्साहन दिने किसिमका नीति जुन स्तरमा आउनुपर्ने थियो, त्यो आएन। त्यसले पनि असमानता बढाउँदै गयो। मैले यसो हेर्दा पनि पञ्चायतको बेलामा जति सिचाईको कुरा हामीले गरेका थियौं, त्यसको आधी पनि हामीले प्रजातन्त्र आएपछि गर्न सकेनौं। यो मानेमा जो स्रोतमा धनी थिए, उनीहरू अगाडि बढे। जोसँग स्रोत थिएन उनीहरू पछि नै पारिए। आर्थिक नीति बनाउँदा त्यो पार्टमा हामीबाट गल्तीचाहिँ भएकै हो। हामीले त्यसलाई सम्बोधन गरेनौं। उदार अर्थनीति लागु भएपछि राजनीतिक पार्टी वा सरकार र राज्य संयन्त्रको काम भनेको बजारले जे चाहन्छ, त्यो गर्न दिने साथसाथै पछाडि परेका समूहहरूलाई अगाडि कसरी बढाउने भन्ने हुनुपर्ने थियो, त्यो भएन। त्यो बनाउने सरकारको काम हुनुपर्ने हो। कहाँ कतै हेर्दै नहेर्ने पो भयो। त्यससँग भ्रष्टाचार पनि मौलाएर गयो।

हाम्रो एउटा समस्यै समस्यामा हराएको देश जस्तो लाग्छ। हाम्रो राष्ट्रिय लक्ष्य के हो नै थाहा छैन। हामी राजनीतिक आधारमा कहिले कृषिलाई अगाडि बढाउनुपर्‍यो भन्छौं, कहिले पर्यटन भन्छौं, उद्योग भन्छौं, ग्रामीण विकास भन्छौं। हामीले एक-दुई गरेर कहिल्यै प्राथमिकता निर्धारण गरेनौं। त्यो किन गरेनौं ?

राजनीति गर्नेहरूसँग भिजन नै भएन। किसुनजी पढ्ने/लेख्ने मान्छे भएकाले उहाँ अलिकति कन्सस हुनुहुन्थ्यो। नत्र अरूलाई केको टाउको दुखाई अर्थतन्त्रबारे ? बरु एमालेहरूले अलिकति फिल गरेकोजस्तो देखिन्थ्यो। नत्र गिरिजाप्रसाददेखि शेरबहादुरसम्म कसैले पनि त्यसमा टाउको दुखाएनन्। त्यो आर्थिक पक्षमा पनि सोच्ने, भिजन भएको नेता हामीकहाँ भएनन्। म प्लानिङ कमिसनमा बसें, मिटिङ हुन्थ्यो गिरिजाबाबुकहाँ। तर अर्थतन्त्रको कुरा कहिल्यै हुँदैन थियो।

तपाईं अर्थशास्त्रीहरू एक ठाउँमा बसेर, सल्लाह गरेर राष्ट्रको आर्थिक लक्ष्य के के हुन सक्छ भनेर कहिल्यै सुझाव दिन पाउनुभएन ?

अर्थशास्त्रीहरूमा पनि त भागबण्डा छ नि। फलानो यो खेमाको, फलानो त्यो खेमाको भनेर। पार्टी-पार्टीका अर्थशास्त्री भए।

राष्ट्रको लक्ष्यहरू के हुन् भनेर निश्चित नै नभई राष्ट्र कसरी अगाडि बढ्न सक्छ ?

त्यो हुँदै नभएको त कहाँ हो र ? कागजीरूपमा त हाम्रो कस्तो राम्रा-राम्रा लक्ष्य छन् नि।

नेपालमा वृद्धिलाई नकारात्मकरूपमा हेरिन थालिएको छ। अहिलेको कुरा गर्ने हो भने त धनी हुनु भनेको अपराध जत्तिकै भएको छ। धनी हुने सपना त सबैले देख्नुपर्ने। यहाँ त त्यो सपना देख्नु नै पाप भएको छ। नेपालीलाई सपना देख्न किन निषेध गरेको ? सपना नै नदेखी विकास कसरी हुन्छ ?

त्यो एकदमै सही हो। सामान्य जनतालाई सपना देखाउन सकेको छैन। म यसमा तपाईंसँग सहमत छु। वास्तवमै छैन।

किन नसकेको ? के हाम्रा नेताहरूसँग क्षमता नै नभएर हो त ?

मलाई लागेको कुरा, हाम्रो सामाजिक बनावटका कारणले पनि होला। हाम्रो सामाजिक संरचना भनेको एकदमै पुरातन पनि त छ। अर्को हामीकहाँ बनेका सरकारको क्रेडिबिलिटी नै भएन। सरकारले जतिसुकै समृद्धशाली समाज निर्माण गर्छु भने पनि हामी पत्याउँदैनौं। राजनीतिक पार्टी, सरकार र मान्छेकै क्रेडिबिलिटी नभएकाले पनि अरूले देखाएको सपनामा विश्वास नगरेको होला। अर्को कुरा अहिलेको जेनेरेसनलाई मेहनत गरेर अगाडि बढ्न सकिन्छ भन्ने कुरामा विश्वास नै छैन। सबैजना सजिलै पैसा कसरी कमाउन सकिन्छ भनेरमात्र सोच्छन्। कुनै मान्छेले राम्रो काम गरेर, मेहनत गरेर पैसा कमाए पनि चोरेरै कमाएको हो, योसँग पैसा झार्नुपर्छ भनेर सोच्छन्।

नयाँ जेनेरेसनकै कुरा गर्दा। अहिले मैले के देखेको छु भने हाम्रा युवा कोरिया, अमेरिका वा खाडीमै गएर पाँच-दश महिना भाँडा माझ्न तयार हुन्छ। तर देशमा आफैंले खाएको चियाको ग्लास पनि यताउता सार्नुहुन्न। हैन ?

अस्ति भरखरै म अमेरिकाबाट आउँदा मेरो ट्रान्जिट ग्वान्जाउमा परेको थियो। मैले त्यहाँ केही युवा भेटें। उनीहरू जापान जान लागेका थिए। उनीहरूले अठार लाख रुपियाँ बुझाएका रहेछन्। उनीहरू रेस्टुरेन्टमा काम गर्छन् रे। एउटा रेस्टुरेन्टमा तीन चार जना हुन्छन् रे। उनीहरूको काम भनेको पोछा लाउनेदेखि ट्वाइलेट सफा गर्नेसम्म सबै। त्यहाँ काम गर्न थालेको सात वर्षमा एक दिनमात्र बिदा पाएँ भन्दै थियो। त्यहाँ जानुभन्दा अगाडि यहाँ अँग्रेजी पढाउने मास्टर रहेछ। अनि पैसा एक लाख रुपियाँ मासिक कमाउँदो रहेछ। एक लाखकै हिसाबमा पनि डेढ वर्ष त फ्रिमा काम गर्नुपर्‍यो। अठार लाख रुपियाँले यहीँ नै केही काम गर्‍यो भने पनि त राम्रै हुन्छ भनेर मैले भनें। ती गाउँका सबैजना विदेश गएका छन् भनेर भन्छ। अब उनीहरूले नै विदेश नजाऊ, त्यहाँ दुःख पाइन्छ, यहीँ केही गर भनेर भने कसैले मान्नेवाला छैन। 'आफू बसेर टन्न मोजमस्ती गरेर आए, हामीलाई नजा भन्छ' भनेर भन्लान्।

मैले धेरै अर्थमन्त्रीको कुरा सुनें। उनीहरू वैदेशिक रोजगार प्रवर्द्धन गर्ने कुरामा जोड दिन्छन्। यो नारा नै गलत भएन ?

एकदमै गलत हो। केही समयका लागि ठिकै होला। नेपालमा अहिले रोजगारको अवसर छैन। अहिले बाहिर भएका मान्छे पनि यहाँ हुँदा द्वन्द्व झन् चर्किने अवस्थामा हुन्छ। त्यो हिसाबमा केही समयका लागि ठिक हो। लामो समयमा हेर्ने हो भने त्यसको नकारात्मक प्रभाव धेरै हुन्छ। अर्थतन्त्रको हिसाबमा पुँजी पलायन हुनु र मानवस्रोत पलायन हुनु भनेको लगभग एउटै हो। हामी ठूला विकास संरचनाका कुरा गरिरहेका छौं। नयाँ अन्तर्राष्ट्रिय एयरपोर्ट, मेघा हाइड्रो प्रोजेक्टको कुरा आइरहेको छ। त्यो बनाउनलाई हामीकहाँ पर्याप्त जनशक्ति नै हुँदैन।

अर्को किसिमको समस्या हामीले अहिले भोगेको भनेको हाम्रो नयाँ जेनेरेसन जानी/नजानी मल्टिकल्चरल भइदियो। कसैले कुन देशबाट के लिएर आए, कसैले के लिएर आए। त्यसैले हाम्रो समाज नै अलिक अट्पटा जस्तो देखिन्छ नि हैन ? एकातिर आर्थिक विभाजन, अर्कोतर्फ सांस्कृतिक द्वन्द्व। यस्तो अवस्थामा हामी झन् ठूलो द्वन्द्वतर्फ पो गइरहेका छौं कि ?

त्योमात्र होइन। एउटा उदाहरण, मेरो घरको छेउमा एकजना केटो बस्थ्यो। ऊ पनि जापान नै गएको। छ/सात वर्ष बसेर आयो। यहाँ जग्गा किनेर गएको। खाली जग्गा, वरपरकाले घर बनाएछन्। यता-उताकोले अलिअलि मिचेर घर बनाएछन्। कागजमा मात्र जग्गा छ रे। फिल्डमा छैन रे। अर्को पैसाजति श्रीमतीलाई पठाएको, अहिले पैसा पनि छैन, श्रीमती पनि छैन। भनेको, हाम्रो समाजले पचाउन नसक्ने कुरा पनि अहिले देखिन थालेको छ।

अहिलेको स्थिति के छ भने इजरायलमा केयर गिभर भएर जाने। त्यहाँका बूढाबूढीको सेवा गर्ने तर यहाँ सासू-ससुरालाई पनि नहेर्ने बुबाआमालाई पनि नगन्ने। केचाहिँ भयो भने ठिक हुने हो थाहा छैन।

अर्को सानैमा छोराछोरीलाई बाबुआमासँग छाडेर विदेश गएको छ। राम्रो हेरचाह त्यो बच्चाले पाउँदैन। अनि उदण्ड भएर निस्कन्छ त्यो।

भनाइको मतलब हामीले रेमिटान्सको कष्ट धेरै नै तिर्नु परिरहेको छ ?

हो। हामीले सामाजिक मूल्य अति तिर्नुपरेको छ रेमिट्यान्सका लागि, हामीले जति रेमिट्यान्स भित्र्याइरहेका छौं, त्यो नै अपुग हुन्छ त्यसलाई ठिक गर्न। अहिले हाम्रो राजस्वमा वृद्धि भएको छ। एकदम राम्रो छ भन्छन्। राजस्वमा वृद्धि केले गर्दा भएको पनि त हेर्नुपर्‍यो नि ? रेमिट्यान्सको पैसा आएको छ, त्यसले डिमाण्ड बढाएको छ। उद्योग केही पनि छैन। ९० को दशकमा जति थिए, ती पनि छैनन्। डिमाण्ड पुर्‍याउन आयात गरेको छ, त्यसमा कर लगाएको छ। थोडा हामीले तिरेको आयकरबाट बढेको हो र ? त्यो सँगसँगै इन्फ्लेसनलाई फिल गर्ने काम पनि त रेमिट्यान्सले नै गरिरहेको छ। तर सामाजिक मूल्य धेरै छ। युवा अवस्थाभर विदेशमा पसिना बगायो, अनि मर्ने बेलामा पशुपति आउने सोच परिवर्तन हुनुपर्छ।

रेमिट्यान्सले राम्रो के गरेको छ भने, ३२ अर्बको निर्यात गरेर पनि ४० अर्बको तेल किन्न सक्ने बनाएको छ।

अब वर्तमानको कुरा गरौं। अहिले जुन बाबुराम अर्थतन्त्र चलिरहेको छ। बाबुराम अर्थमन्त्री भएदेखि नै यो अर्थतन्त्र चलिरहेको छ। अहिलेको आर्थिक अवस्थालाई कसरी हेर्नुहुन्छ ?

साँच्ची भन्नुहुन्छ भने बाह्र वर्षदेखि हाम्रो आर्थिक विकास ओरालोतर्फ नै लागेको छ। शिक्षा र स्वास्थ्यको क्षेत्रमा केही विकास भएका होलान्। त्यो पनि कुनै विकास गर्छु भनेर हैन कि निरन्तर प्रक्रियाको हिसाबमा। नत्र भनेदेखि त 'डेभलप्मेन्ट इन रिभर्स' नै हो। गएको वर्ष हामीसँग यही अवधिमा वैदेशिक मुद्राको सञ्चिति ६१ अर्ब थियो, त्यो अहिले १ अर्बमा झरेको छ। सरकारले जति लगानी भनेको भविष्यमा उत्पादन गर्न सक्ने रिटर्न दिन सक्ने कुरामा गर्ने हो। तर त्यसमा खर्च गरेकै छैन। उत्पादनमूलक क्षेत्रमा लगानी शून्य छ। आयातमा हामी पूर्ण निर्भर भइसक्यौं। आयात गरेनौं भने भात खान नपाउने स्थिति हाम्रो छ। हामी ६८ अर्बको निर्यात गरेर लगभग २२५ अर्बको आयात गर्छौं। हामीले उत्पादनमूलक कृषि सामग्री, औजार आयात गरेको भए, भविष्यमा उत्पादन हुन्छ अनि ठिक हुन्छ भन्ने एउटा आशा हुन्थ्यो। तर हामी त नून, तेलमै अड्किएका छौं। प्राइभेट सेक्टरले आयात गरेर पनि उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने, त्यो पनि छैन। अहिले लगानी गरेर दश वर्षपछि उत्पादन हुने हो। त्यो नै छैन।

स्थानीय स्रोत परिचालन गरेर विकास गर्छौं भनेर माओवादीले पनि भन्ने गरेको छ। कांग्रेसले पनि त्यही भन्थ्यो। अलिकति भाषा फरक होला। त्यो किन हुन नसकेको ?

स्थानीय स्रोत परिचालन कस्तो भयो भने म उदाहरण दिन्छु। म लेखनाथमा स्थानीय स्रोतको परिचालनबाट बनेको बाटो हेर्न भनेर गएँ। त्यहाँ मैले रमाइलो कुरा के देखें भने मैले त स्थानीय स्रोतको परिचालनबाट बनेको बाटो भनेपछि त्यहाँको स्रोत साधन प्रयोग गरेको होला भन्ने ठानेको थिएँ। फेरि त्यहाँकै उपभोक्ता समूहको रेखदेखमा बनेको। तर रैछ के भने काठमाडौंको ठेकेदार। उसले एकपैसाको श्रमदान नलिई बाटो बनाइदिने। लागतको कुरा गर्दा सामाजिक स्तरमा बाटो बनाएकाले उसलाई भ्याट नलाग्ने। अनि बताउनाको खर्च जोड्दा पहिला नै तीसदेखि पैंतीस प्रतिशत बढी मूल्यांकन गरिएको हुँदोरहेछ। भनेको ठेकदारले उपभोक्ता समूहमा भएकालाई बीस प्रतिशत नै कमिसन दिएर पनि फाइदा हुने भयो। त्यस्तो छ स्थानीय स्रोत परिचालनको ताल। फेरि त्यस्तो उपभोक्ता समितिमा त सबै पार्टी मिलेर बसेका छन् पैसा खान पाइन्छ भनेपछि।

अनि त्यही गाउँमा एउटा स्कुल पनि रहेछ। त्यो स्कुल पनि हेरौं न त भनेर गइयो। सत्तरी प्रतिशत केटी छन्। म त दंग परें। क्या गजब भनेर। तर बुझ्दै जाँदा रहेछ के भने केटीहरूलाई सरकारी विद्यालयमा पढाएर छात्रवृत्तिको पैसा लिने। गाउँमा बाटो बनेपछि घरमै गाडी आउने भयो। केटाहरूलाई त्यही पैसा लगानी गरेर शहरको बोर्डिङमा पढाउने। यस्तो छ।

बाबुरामजी आफूलाई अर्थशास्त्री भन्नुहुन्छ। उहाँको काम भनेको पुरानो राज्य संरचना भत्काएर नयाँ राज्य संरचना बनाउने हो भन्नुहुन्छ। यो कुरा उहाँले लुकाउनुभएको छैन। एक हिसाबमा हामीलाई पनि चाहिएको छ। तर, हामीलाई चाहिएको भन्दा त्यो फरक छ। तर, यति धेरै कम्प्लेक्सिटी भएको मुलुकमा के त्यो सम्भव छ ?

बिल्कुल छैन। नयाँ सत्ता भने पनि त डिप्लोम्याटिक कुराहरू आउँछ। हामी ग्लोबल इकोनोमीसँग कसरी समन्वय गर्छौं भन्ने कुरा आउँछ। नयाँ सत्ता बनाउँदा हामीसँग भएको स्रोत के ? हामीसँग भएको स्रोत भनेको जमिन र मानवमात्र न हो। त्यसलाई हामी कसरी परिचालन गर्न सक्छौं भन्ने कुरामा क्लियर नभई यो बाडबुड भत्काएर काठमाडौंको बाटोमा धुलो उडाउनुसिवाय केही पनि हुँदैन।

अन्तर्राष्ट्रिय स्तरमा पनि त हामीले विभिन्न सन्धि सम्झौतामा हस्ताक्षर गरेका छौं। त्यसबाट हामी पछि जान सक्छौं कि सक्दैनौं भन्ने कुरा पनि छ। फेरि भारतसँग खुला सीमा छ। आर्थिक, सामाजिक सम्बन्ध छ। कि त सबै छाडेर उत्तर कोरिया नै बनाउने भए अर्कै कुरा हो।

माओवादीले आफ्नो कुरा स्पष्ट पारेपछि कांग्रेस-एमालेमा अर्थतन्त्रको प्रारूप के हुने भन्ने कुरा हुनुपर्ने ? तपाईं के देख्नुहुन्छ ?

कांग्रेसमा त छँदै छैन। एमालेमा हो कि होइन जस्तो छ। दुवैको क्लियर कन्सेप्ट भने छैन।

भारतसँगको हाम्रो आर्थिक सम्बन्धबारे के भन्नुहुन्छ ?

भारतले आफ्नो हितमा जे हुन्छ त्यही गर्छ। तर त्यही कुरा हामीले गर्न सकिरहेका छैनौं। उनीहरू हामीकहाँबाट जाने हरेक चिजमा कुनै पनि बन्देज लगाउन सक्छन्, आफ्नो हित हेरेर। तर हामी चुप लागेर बस्नुपरेको स्थिति छ। भारतको हामीसँगको सरोकार भनेको सुरक्षा, पानी र सांस्कृतिक सम्बन्ध हो। त्यसलाई हामीले उपयोग गर्न सकिरहेका छैनौं।

सहयोगी : विज्ञान अधिकारी, सुदर्शन सापकोटा र स्वरूप आचार्य

> अर्थतन्त्र कुन दिशातर्फ जाने भन्ने कुराको निर्धारण त राजनीतिले नै गर्ने हो। यो हदसम्म अर्थतन्त्रमाथि राजनीति हावी भइसकेको अवस्थामा कुन अर्थनीति लागु गर्ने भन्ने निर्धारण राजनीतिले नै गर्ने हो।
>
> राज्य संयन्त्रभित्र कुनै एउटा समूह वा राजनीतिक पार्टीले पकड कायम गर्न सक्ने अवस्था नै छैन।
>
> हामीकहाँ स्रोत व्यवस्थापन बजारले निर्धारण गर्छ। जहाँ जति मुनाफा हुन्छ, त्यसमै लगानी गर्छ।
>
> त्यसैले समाजवादलाई अर्थतन्त्रका रूपमा मात्र नहेरेर सामाजिक न्यायकै पुनः व्याख्या गर्न आवश्यक थियो। त्यो गरेर गइदिएको भए अहिले यो अवस्था सिर्जना नै हुने थिएन।
>
> हामीले सबैतिर हात हाल्यौं। जस्तै स्थानीय निकायमा स्वायत्तताको कुरा, सामुदायिक विकासको कुरा। तर कसैप्रति पनि पूर्णरूपमा ध्यान भने दिएनौं।
>
> उदार अर्थतन्त्र लागु भएपछि पनि असमानता ह्वात्तै बढ्यो। हामीले बजारलाई खुला त गर्‍यौं तर पहिलादेखि रहिआएको विभेद वा असमानतालाई भने सम्बोधन गर्न सकेनौं।
>
> पञ्चायतको बेलामा जति सिचाईको कुरा हामीले गरेका थियौं, त्यसको आधी पनि हामीले प्रजातन्त्र आएपछि गर्न सकेनौं।
>
> हामीकहाँ बनेका सरकारको क्रेडिबिलिटी नै भएन। सरकारले जतिसुकै समृद्धशाली समाज निर्माण गर्छु भने पनि हामी पत्याउँदैनौं।
>
> कुनै मान्छेले राम्रो काम गरेर, मेहनत गरेर पैसा कमाए पनि चोरेरै कमाएको हो, योसँग पैसा झार्नुपर्छ भनेर सोच्छन्।
>
> अहिलेको स्थिति के छ भने इजरायलमा केयर गिभर भएर जाने। त्यहाँका बूढाबूढीको सेवा गर्ने तर यहाँ सासू-ससुरालाई पनि नहेर्ने बुबाआमालाई पनि नगन्ने।
>
> युवा अवस्थाभर विदेशमा पसिना बगायो, अनि मर्ने बेलामा पशुपति आउने सोच परिवर्तन हुनुपर्छ
>
> हामी ६८ अर्बको निर्यात गरेर लगभग २२५ अर्बको आयात गर्छौं।